# गैरआवासीय नेपाली संघ

## अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधि व्यवस्थापन सम्वन्धी नियमावली, २०२३

<u>अन्तर्राष्ट्रिय समन्वय परिषदबाट पारित भएको मितिः</u>

सन् २०२३ जुलाई ९

**प्रस्तावनाः** गैरआवासीय नेपाली संघको विधानको उपदफा १३.७ मा प्रावधान भए अनुसार अन्तर्राष्ट्रिय महाधिवेशनमा सहभागि हुने प्रतिनिधिहरुको छनोट व्यवस्थित गर्नका लागि वाञ्छनीय भएको हुँदा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले गैरआवासीय नेपाली संघको विधान २००३ को दफा १७.६ को दिएको अधिकार प्रयोग गरी यो नियमावली बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>

(१) यी नियमहरुको नाम “गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधि व्यवस्थापन सम्बन्धी नियमावली, २०२३” रहेको छ ।

(२) यो नियमावली अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निर्णय गरेको मिति बाट लागू हुनेछ ।

२. <u>परिभाषाः</u>

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमाः

(क) "**संघ**" भन्नाले गैरआवासीय नेपाली संघलाई जनाउँनेछ ।

(ख) "**विधान**" भन्नाले संघको विधान २००३ लाई जनाउँनेछ । उक्त शब्दावलीले सो विधानको सट्टामा जारी हुने विधान वा सोमा समय समयमा हुने संशोधन समेतलाई जनाउँनेछ ।

(ग) "**अन्तर्राष्ट्रिय समन्वय परिषद्**" भन्नाले संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई जनाउँनेछ ।

(घ) "**अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय**" भन्नाले संघको अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयलाई जनाउँनेछ ।

(ङ) **पदाधिकारी"** भन्नाले संघको विधानको दफा ५.१४ मा परिभाषित पदाधिकारीलाई जनाउँनेछ ।

(च) **"सचिवालय"** भन्नाले संघको कार्यालयलाई जनाउँनेछ ।

(छ) **"राष्ट्रिय समन्वय परिषद्"** भन्नाले संघको राष्ट्रिय समन्वय परिषद्लाई जनाउँनेछ ।

(ज) **"सदस्य"** भन्नाले संघको विधानका दफा ७ अनुसार सदस्यता प्राप्त गरेको व्यक्तिलाई जनाउँनेछ ।

(झ) "**महाधिवेशन**" भन्नाले संघको अन्तर्राष्ट्रिय महाधिवेशनलाई जनाउँनेछ ।

(ञ) "**साधारण सभा**" भन्नाले संघको वार्षिक साधारण सभा वा विशेष साधारण सभालाई जनाउँनेछ ।

(ट) **"प्रतिनिधि"** भन्नाले संघको विधानको दफा १३.७ अनुसार महाधिवेशनका लागि चयन भएका प्रतिनिधिलाई जनाउँनेछ ।

(ठ) "**परिचयपत्र**" भन्नाले महाधिवेशनमा भाग लिन आउने प्रतिनिधिलाई अन्तर्राष्ट्रिय समन्वय परिषद्ले जारी गरेको परिचयपत्रलाई जनाउँनेछ ।

(ड) **“अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधि छनोटको सुपरिवेक्षण समिति”** भन्नाले विधानका दफा १३.७ अनुसार अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधि छनोटको सुपरिवेक्षण गर्न गठन भएको समितिलाई जनाउँनेछ ।

(ढ) **“न्यायीक आयोग” भन्नाले** विधानका दफा २१.९ अनुसार संघको सदस्यता वितरण, प्रतिनिधि छनोट तथा निर्वाचन लगायत विविध विषयमा आउन सक्ने विवाद समाधान गर्न गठन भएको न्यायीक आयोगलाई जनाउँनेछ ।

३. **प्रतिनिधि छनोट प्रकृयाः**

(१) विधानको दफा १३.७ को खण्ड (क) अनुसार यसै नियमावलीको दफा ३(७) र ३ (८) को प्रक्रिया पुर्याई सम्बन्धित नवनिर्वाचित राष्ट्रिय समन्वय परिषद्ले प्रतिनिधिहरु चयन गर्नेछ ।

(२) प्रतिनिधि बन्न राष्ट्रिय समन्वय परिषदले तोकेको समय भित्र पञ्जिकृत सदस्य भएको हुनु पर्नेछ । तर विधानको दफा १३.७ को खण्ड (ख), खण्ड (ग) र खण्ड (घ) अनुसार चयन हुने व्यक्तिहरुले प्रतिनिधिको आवेदन गर्ने मिति पूर्व पञ्जीकृत सदस्य भएको हुनु पर्नेछ ।

(३) उपनियम (१) अनुसार छनोट हुने प्रतिनिधिको संख्या विधानको अनुसूची – ६ मा उल्लेख भए बमोजिम हुनेछ । राष्ट्रिय महाधिवेशन वा निर्वाचनमा लागि प्रमाणिकरण भएका पञजिकृत सदस्यको संख्याको आधारमा महाधिवेशन प्रतिनिधिको सँख्या निर्धारण हुनेछ ।

(४) प्रतिनिधिहरुको चयन विधानको अनुसूची - ६(क) मा उल्लेख भएको प्राथमिकताको आधारमा गर्नु पर्नेछ ।

(५) अन्तर्राष्ट्रिय महाधिवेशन हुने वर्षको अगष्ट १० देखि २० तारिख सम्म प्रतिनिधिको लागि आवेदन आव्हान गरिनेछ ।

(६) प्रतिनिधिको लागि आवेदन संघले निर्माण गरेको Membership Information System बाट गर्नु पर्नेछ ।

(७) राष्ट्रिय समन्वय परिषदको बैठकले MIS बाट प्राप्त निवेदकको योग्यताको छानबिन गरी विधानको अनुसूची - ६(क) अनुसार प्रतिनिधिको छनोट गर्नेछ। यसरी छनोट भएका प्रतिनिधिहरुको विवरण राष्ट्रिय समन्वय परिषदको अध्यक्ष र महासचिवले हस्ताक्षर गरी delegates@nrna.org इमेल मार्फत अन्तर्राष्ट्रिय समन्वय परिषदमा अगष्ट ३१, २०२३ भित्र पेश गर्नुपर्ने छ।

(८) विधानको दफा १३.७ को खण्ड (ख), खण्ड (ग) र खण्ड (घ) अनुसार चयन हुने प्रतिनिधिहरु अन्तर्राष्ट्रिय समन्वय परिषद्ले गर्नेछ भने विधानको अनूसुची - ६(क) को दफा २ अनुसार चयन हुने प्रतिनिधिहरु राष्ट्रिय समन्वय परिषद्ले गर्नेछ । यी प्रतिनिधिहरुको लागि आवेदन खुलाउन पर्ने छैन ।

४. **प्रतिनिधिको अभिलेखः**

(१) नियम ३ को उपनियम (१) अनुसार चयन भएका प्रतिनिधिहरुको अभिलेख संघको सूचना प्रविधि विभागले गर्नेछ ।

(२) सूचना प्रविधि विभागले प्रतिनिधिहरुको अभिलेख गर्दा प्रतिनिधि संघको पञ्जिकृत सदस्य रहे नरहेको यकिन गर्नु पर्नेछ ।

(३) संघको पञ्जिकृत सदस्य नरहेको व्यक्ति प्रतिनिधि नरहेको पाईएमा सूचना प्रविधि विभागले त्यस्ता प्रतिनिधिको अभिलेख गर्ने छैन ।

(४) उपनियम (३) अनुसार अभिलेख हुन नसकेको प्रतिनिधि विवरण सूचना प्रविधि विभागले अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयलाई पेश गर्नु पर्नेछ ।

(५) अन्तराष्ट्रिय कार्यकारी सचिवालयले छनोट भएको प्रतिनिधिहरुको विवरण संघको वेभसाईटमा प्रकाशन गर्नेछ ।

५. **अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधि छनोटको सुपरिवेक्षण समितिः**

(१) महाधिवेशन प्रतिनिधि छनोटको सुपरिवेक्षण गर्नका लागि अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निम्नानुसारको अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधि छनोटको सुपरिवेक्षण समिति गठन गर्नेछः

(क) सम्बन्धित राष्ट्रिय समन्वय परिषद्का बहालबाला अध्यक्ष (नवनिर्वाचित अध्यक्ष)

(ख) सम्बन्धित क्षेत्रका क्षेत्रीय संयोजक

(ग) अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले सिफारिस गरेका १ (एक) जना सदस्य

(२) उपनियम (१) अनुसारको समितिको संयोजक सम्बन्धित क्षेत्रका क्षेत्रीय संयोजक हुनेछन् ।

(३) उपनियम (१) बमोजिमको समिति राष्ट्रिय समन्वय परिषद्को निर्वाचनको परिणाम घोषणा भएको ५ (पाँच) दिन भित्रै गठन हुनु पर्नेछ । यस समितिको कार्यकाल अन्तर्राष्ट्रिय समन्वय परिषद्ले अन्यथा तोकिएको बाहेक प्रतिनिधि छनोट भई सोको नामावाली अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई नबुझाउँदासम्म कायम रहनेछ ।

(४) उपनियम (१) बमोजिमको समितिले अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई सुपरिवेक्षण प्रतिवेदन अन्तर्राष्ट्रिय महाधिवेशन हुने मिति भन्दा कम्तिमा १५ (पन्ध्र) दिन अगावै बुझाउनु पर्नेछ ।

६. **<u>विशेष अवस्थामा प्रतिनिधिको छनोटः</u>**

(१) विधानको दफा २४.१ मा तोकिएको अवधि भित्र राष्ट्रिय समन्वय परिषद्को राष्ट्रिय महाधिवेशन हुन नसकेमा वा राष्ट्रिय महाधिवेशन सम्पन्न भएता पनि विधानले तोकिएको अवधि भित्र प्रतिनिधिहरु चयन हुन नसकेमा प्रतिनिधि चयन अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले विधानको अनुसूची – ६(क) को दफा ४ को अधिनमा रही गर्नेछ ।

(२) उपनियम (३) मा तोकिएको अवधि भित्र अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयबाट प्रतिनिधि छनोट हुन नसकेमा सो पश्चात् छनोट भएका प्रतिनिधिहरुले मान्यता पाउँने छैन ।

७. **<u>विवाद समाधानः</u>**

(१) प्रतिनिधि छनोट विषयमा विवाद आएमा यसको समाधन अन्तर्राष्ट्रिय कार्यकारी सचिवलायले गर्नेछ । अन्तर्राष्ट्रिय कार्यकारी सचिवलायले समाधान गर्न नसकेमा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले गठन गरेको न्यायीक आयोगले समाधान गर्नेछ ।

(२) अन्तर्राष्ट्रिय समन्वय परिषद्ले गठन गरेको न्यायीक आयोगले समाधान गर्नेछ ।

(३) न्यायीक आयोगको काम, कर्तव्य, अधिकार र दायित्व "न्यायीक आयोग सम्बन्धी नियमावली, २०२३" अनुसार हुनेछ ।

८. **<u>बाधा अड्काउ फुकाउः</u>**

(१) यस नियमावली अनुसार कुनै कार्य गर्दा कुनै बाधा, अड्काउ पर्न आएमा त्यस्तो बाधा अड्काउ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले संघको विधानसँग नबाझिने गरी फुकाउन सक्नेछ ।

९. **<u>यसै नियमावली बमोजिम हुनेः</u>**

(१) यस नियमावलीमा लेखिएका कुराहरुको हकमा यसै नियमावली बमोजिम हुनेछ । यस नियमावलीको व्यवस्थाहरु विधान र प्रचलित कानूनसँग बाझिएमा बाझिएको हद सम्म विधान वा प्रचलित कानून लागू हुनेछ ।

१०. <u>**विनियम वा निर्देशिका बनाउन सक्ने:**</u>

(१) विधानको उद्देश्य कार्यान्वयन गर्नका लागि विधान तथा यस नियमावलीमा उल्लिखित व्यवस्थाको प्रतिकूल नहुने गरी अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले आवश्यक विनियम वा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

## अनुसूची

| ICC Constitution Appendix 6 (ka) | Ranking | Position |
|---|---|---|
| **Anusuchi 6(ka)-1** | 1.01 | ICC Past President |
| | 1.02 | ICC Past Vice President |
| | 1.03 | ICC Past General Secretary |
| | 1.04 | ICC Past Secretary |
| | 1.05 | ICC Past Treasurer |
| | 1.06 | ICC Past Joint Treasurer |
| | 1.06 | ICC Past Spokesperson |
| | 1.07 | ICC Past Women Coordinator |
| | 1.08 | ICC Past Youth Coordinator |
| | 1.09 | ICC Past Regional Coordinator |
| | 1.10 | ICC Past Deputy Regional Coordinator |
| | 1.11 | ICC Past Regional Women Coordinator |
| | 1.12 | ICC Past Regional Youth Coordinator |
| | 1.13 | ICC Past Deputy Regional Women Coordinator |
| | 1.14 | ICC Past Deputy Regional Youth Coordinator |

| | | |
|---|---|---|
| | 1.15 | ICC Past Patrons |
| **Anusuchi 6(ka)-2** | **2.01** | **ICC Current Disciplinary Committee Chair** |
| | **2.02** | **ICC Current Constitution Committee Chair** |
| | **2.03** | **ICC Current Constitution Amendment Committee Chair** |
| | 3.01 | NCC Current Senior Vice President |
| | 3.02 | NCC Current Vice President |
| | 3.03 | NCC Current General Secretary |
| | 3.04 | NCC Current Secretary |
| | 3.05 | NCC Current Treasurer |
| | 3.06 | NCC Current Joint Treasurer |
| | 3.07 | NCC Current Spokesperson |
| | 3.08 | NCC Current Women Coordinator |
| | 3.09 | NCC Current Deputy Women Coordinator |
| | 3.1 | NCC Current Youth Coordinator |
| | 3.11 | NCC Current Deputy Youth Coordinator |
| | 3.12 | NCC Current Members |
| **Anusuchi 6(ka)-4** | 4 | NCC Regional Committee Chair |
| **Anusuchi 6(ka)-5** | 5 | NCC Current Losing OB Candidate |
| **Anusuchi 6(ka)-6** | 6 | NCC Current Losing ICC Member Candidate |

| | | |
|---|---|---|
| **Anusuchi 6(ka)-7** | 7.1 | ICC Current Committee Chair |
| | 7.2 | ICC Past Committee Chair |
| **Anusuchi 6(ka)-8** | 8.1 | ICC Past Advisor |
| | 8.2 | ICC Past Member |
| | 8.3 | ICC Past Honorary Member |
| | 8.4 | NCC Past President |
| | 8.5 | NCC Past OB |
| | 8.6 | NCC Past Member |